# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ००९७७ १ ४४२८२२६
फ्याक्स: ००९७७ १ ४४४३८७८
E-mail : psdept @nrb.org.np
Web : www.nrb.org.np
पोष्ट बक्स: ७३


पत्रसंख्या : भु.प्र.वि./RTGS/७२/०७६/७७ मिति : २०७६/०८/०३

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक वित्तीय संस्थाहरु ।

विषय: **RTGS सञ्चालन सम्बन्धमा ।**

महाशय,

यस बैंकको मिति २०७६/०७/१८ को निर्णय अनुसार RTGS System सञ्चालनका क्रममा देहायमा उल्लेखित कारोवारहरुको Business Process मा केही परिवर्तन हुने भएकोले RTGS System सञ्चालनमा आए पश्चात देहाय बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध गर्दछु ।

१) RTGS को सदस्य संस्थाले यस बैंकबाट Cash Withdraw गर्नु परेमा हाल प्रयोग गरिरहेको चेकको सट्टामा देहाय अनुरुप गर्ने:

i) Member बैंकले RTGS मार्फत RTGS Settlement A/C.....Dr
NRB (Cash Management) Pool A/C ............................Cr

बैंकिङ्ग कार्यालय काठमाडौंबाट नगद निकाल्ने प्रयोजनको लागि देहाय बमोजिमको **NRB Pool Account** प्रयोग गर्ने:

क) नेपाली मुद्राको लागि: 1200000/009/000/524
ख) अमेरिकी डलरको लागि: 1200000/009/000/840
ग) पाउण्ड स्टर्लिङ्गको लागि: 1200000/009/000/826
घ) युरोको लागि: 1200000/009/000/978
ङ) जापानी येनको लागि: 1200000/009/000/392

ii) Fund लिन ने.रा. बैंकमा आउदा RTGS मा Transaction Entry गरेको विवरण सहित सम्पूर्ण खाता सञ्चालकको हस्ताक्षर र Protectograph सहित को पत्र लिई आउनु पर्ने । सो पत्रमा रहेको हस्ताक्षरलाई Additional Control को रुपमा Verification को आधार बनाई यस बैंकको बैंकिङ कार्यालयबाट नगद प्रदान हुनेछ ।

२) RTGS को सदस्य नरहेका संस्थाले यस बैंकको बैंकिङ कार्यालय, काठमाडौंमा रहेको खाताबाट Cash Withdraw गर्नु परेमा हाल प्रयोग गरिरहेको चेकको सट्टामा सम्बन्धित संस्थाले Debit Authorization Letter (खाता सञ्चालकको हस्ताक्षर र Protectograph सहित) यस बैंकको बैंकिङ कार्यालय/जिल्लास्थित कार्यालयमा पेश गर्ने र सोको आधारमा नगद उपलब्ध गराईनेछ ।

३) RTGS को सदस्य नरहेका बैंक तथा वित्तीय संस्थाले RTGS को सदस्यसंस्थालाई यस बैंकमार्फत रकमान्तर गर्नु परेमा (जस्तै: कुनै 'ख' वर्गको संस्थाले 'क' वर्गको बैंकमा रकमान्तर गर्नु परेमा) सम्बन्धित संस्थाले संस्थाको खाता सञ्चालकहरुको आधिकारिक दस्तखत सहितको पत्र लिई यस बैंकको बैंकिङ्ग कार्यालय, काठमाडौंमा सम्पर्क राख्नु पर्नेछ ।

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ००९७७ १ ४४२८२२६
फ्याक्स: ००९७७ १ ४४४३८७८
E-mail : psdept @nrb.org.np
Web : www.nrb.org.np
पोष्ट बक्स: ७३

४) यस बैंकको जिल्लास्थित कार्यालयमा रहेको खाताबाट Cash Withdraw गर्नुपरेमा साविक बमोजिम नै चेकको आधारमा गर्न सकिनेछ ।

भवदीय,

(वम वहादुर मिश्र)
कार्यकारी निर्देशक